"समृद्धिको सहयात्री"
तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541055, 541279
Fax: 071-542812
Email: info@tinaumissionbank.com

प.सं. ०७७/७८
च.नं. ६९०

मिति. २०७७/०८/०७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा,
काठमाण्डौ ।

**बिषयः विशेष साधारण सभाको जानकारी सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको बिशेष साधारण सभा मिति. २०७७/८/७ गते आइतवारका दिन तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको सभाहल बुटवल -४, पाल्पारोड रुपन्देहीमा सम्पन्नभई प्रबन्धपत्रमा प्रस्ताव गरे वमोजिम संशोधन गर्ने सम्बन्धमा र विशेष साधारण सभाद्धारा स्वीकृत गरिएको प्रस्तावित प्रबन्धपत्रको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट गर्न वा सच्याउन सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्व-सम्मतरुपमा पारित भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

**संलग्न**

१) साधारण सभाको माइनुट थान ४

भवदीय,

प्रदिप कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

# तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको

## विशेष साधारण सभाको

## काम कारवाहीको विवरण

## (माइन्युट)

### १. बैधानिक सभा

कम्पनी ऐन २०६३ र यस विकास बैंकको नियमावली बमोजिम तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री जीवन प्रसाद वझाको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

### २. सभाको मिति, समय र स्थान

मिति: २०७७ साल मंसिर ७ गते आइतबार (२२ नोभेम्वर, २०२०)

समय: दिउसो १.०० बजे प्रारम्भ भई १.३० बजे सम्पन्न भएको ।

स्थान: विकास बैंकको केन्द्रिय कार्यालयको सभाहल, बुटवल ४, रुपन्देही । (भिडियो कन्फ्रेन्सबाट)

### ३. सभाको सुचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बिकास बैंकको विशेष साधारण सभाको सूचना तथा सभामा छलफल हुने बिषयहरु एवं प्रस्तावहरु शेयधनीहरुको व्यक्तिगत ठेगानामा विकास बैंकको कर्मचारी मार्फत पठाउनुको साथै मिति: २०७७।०७।१९ गते बुधबारको राष्ट्रिय स्तरको दैनिक पत्रिका अन्नपुर्ण पोष्ट र मिति: २०७७।०७।२७ गते बिहिवारको नागरिकमा सभा हुने स्थान, समय, मिति र छलफल हुने विषयहरु एवं प्रस्तावहरुको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

### ४. छलफलको बिषयहरु

(क) विशेष प्रस्तावहरु:

(१) प्रबन्धपत्रमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

(२) विशेष साधारण सभाद्धारा स्वीकृत गरिएको प्रस्तावित प्रबन्धपत्रको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट गर्न वा सच्याउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ख) विविध:

## ५. सभाको सञ्चालन:

सभाको संचालन कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठले गर्नु भएको थियो ।

## ६. उपस्थिति

### ६.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री जीवन प्रसाद वझा | अध्यक्ष |
| २. | श्री राजेन्द्र प्रसाद वझा | सञ्चालक |
| ३. | श्री ऋषिराम पाण्डे | सञ्चालक |
| ४. | श्री शालिकराम वेलबासे | सञ्चालक |
| ५. | श्री अनिल प्रसाद श्रेष्ठ | सञ्चालक |
| ६. | श्री विपिन पौडेल | सञ्चालक |

### ६.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री प्रदिप कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |

### ६.३ शेयरधनीको उपस्थिति

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या: | ३४ |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनी संख्या: | ४६० |
| ३. भिडियो कन्फरेन्स अन्य प्रविधि मार्फत उपस्थिति हुने संख्या | ५६ |
| ४. जम्मा उपस्थित संख्या: | ५५० |

## ७. गणपुरक संख्या ( कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )

| विवरण | शेयर कित्ता |
|---|---|
| स्वयंम् उपस्थित | १६,६४,९४३ |
| प्रतिनिधि तथा भिडियो कन्फरेन्स अन्य प्रविधि मार्फत उपस्थित कित्ता | ८६,३८,९२० |

| | |
|---|---|
| जम्मा उपस्थित कित्ता | १,०३,०३,८६३ |
| जम्मा शेयर कित्ता | १,८१,३१,२७२.८५ |
| उपस्थित प्रतिशतमा | ५६.८३ |

## ८.आसन ग्रहण

सभामा उपस्थित अध्यक्ष, सञ्चालक, अतिथि, संस्थापक र सर्वसाधारण शेयरधनीहरुलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।

## ९. सभाको बैधानिकता

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम १५ दिन अगावै मिति: २०७७ साल कार्तिक १९ गते बुधबारको राष्ट्रियस्तरको पत्रिका अन्नपुर्ण पोष्ट र मिति: २०७७ साल कार्तिक २७ गते बिहिबारको नागरिक पत्रिकामा विशेष साधारण सभा सम्बन्धी सुचना प्रकाशित गरिएको र सोही ऐनको दफा ७३(२) अनुसार बांडफांड भएको कुल शेयर संख्याको ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति भएमा सभाले बैधानिकता पाउने व्यवस्था भएकोमा यस विशेष साधारण सभामा कुल बांडफांड शेयर संख्या १ करोड ८१ लाख ३१ हजार २७२ दशमलब ८५ कित्ता मध्ये स्वयं उपस्थिति १६,६४,९४३ कित्ता शेयर, प्रतिनिधी एवं भिडियो कन्फ्रेन्स मार्फत ८६,३८,९२० कित्ता शेयर, जम्मा उपस्थिति १,०३,०३,८६३ कित्ता शेयर प्रतिशतमा ५६.८३ प्रतिशतको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु ५५० जना उपस्थिती भएको हुंदा यो विशेष साधारण सभा बैधानिक भएको घोषणा कम्पनी सचिवले गर्नुभयो । तत्पश्चात अध्यक्षबाट सभा संचालनको अनुमति लिइ सभालाई निरन्तरता दिनु भयो ।

## १०. स्वागत मन्तव्य, प्रतिवेदन तथा सभा समुद्घाटन

संचालक समितिका अध्यक्ष जीवन प्रसाद बझाले स्वागत मन्तव्य सहित संचालक समितिको तर्फबाट प्रतिवेदन पेश गर्दै सभा समुद्घाटन भएको घोषणा गर्नुभयो ।

## ११. विशेष साधारण सभाको प्रस्तुति:

अध्यक्षज्युले कम्पनी सचिवलाई विशेष प्रस्ताव प्रस्तुत गर्ने जिम्मेवारी दिनु भए अनुसार कम्पनी सचिवले सभा समक्ष विशेष प्रस्तावहरु प्रस्तुत गरी शेयरधनी महानुभावहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित प्रस्ताव उपर छलफल गरी पारित गरिदिन अनुरोध गर्नुभयो ।

## १२. सभाको निर्णय

क) विशेष प्रस्तावहरु

(१) प्रबन्धपत्रमा प्रस्ताव गरे वमोजिम संशोधन गर्ने सम्बन्धमा ।

उक्त विशेष प्रस्ताव विशेष साधारण सभामा प्रस्तुत भइ प्रस्ताव गरीएको तीन महलेमा उल्लेख भए अनुसार प्रबन्धपत्रको दफा ५(ङ) र ५(ङ)(१) संशोधन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

(२) विशेष साधारण सभाद्वारा स्वीकृत गरिएको तीन महलेमा प्रस्ताव गरे वमोजिमको प्रवन्धपत्रको दफाहरुमा नियमकारी निकायहरुबाट स्वीकृत गराई अभिलेख गराउने क्रममा उक्त दफाहरु तथा अन्य थप प्रवन्धपत्रको दफा र नियमावलीको नियमहरुमा समेत आवश्यकतानुसार परिवर्तन, थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने गरी सर्वसम्मतबाट निर्णय गरियो ।

(ख) विविध ।

यस विशेष साधारण सभाबाट प्रबन्ध पत्रको दफा ५(ङ) र ५(ङ)(१) परिवर्तन स्वीकृत पश्चात नियमनकारी निकायबाट स्वीकृत भइ अभिलेख भए पश्चात शेयर संरचना परिवर्तन गरी संस्थापक समुहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत बनाउनको लागि संस्थापक समुहको २.३४ प्रतिशत शेयरलाई सर्वसाधारण समुहमा परिणत गर्न हामी संस्थापक तथा सर्वसाधारण शेयरधनी मन्जुर भएकोले आवश्यक प्रक्रिया अगाडि बढाउन संचालक समितिलाई अख्तियारी दिने समेत निर्णय गरियो ।

विशेष साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

## १३. धन्यबाद सहित सभा विसर्जन

अन्तमा, विशेष साधारण सभामा अध्यक्षज्युले उपस्थित सम्पुर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, अतिथिहरु, कर्मचारी वर्ग, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज, नेपाल धितोपत्र बोर्ड, सिद्धार्थ क्यापिटल लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, प्रमूख कार्यकारी अधिकृत, कर्मचारी वर्ग तथा वैंकसंग सहकार्य गर्ने सम्पुर्णलाई धन्यबाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।